## बैठक नं. १९

आज मिति २०८२ साल जेठ ०९ गते शुक्रवारका दिन दिउँसो १:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

१९. श्री सन्तराम कठरिया - प्रशासन शाखा प्रमुख
२०. श्री धर्मानन्द [illegible], शिक्षा अधिकृत
२१. श्री नेत्र प्रसाद जोशी, वन वातावरण तथा वि.व्य. शाखा प्रमुख
२२. श्री अनिरुद्ध कठरिया, का.स.
२३. श्री महेश चौधरी, का.स.

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं. २ :- आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमहरूको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदनको समीक्षा गरियो र अनुगमनको क्रममा फेला परेका समस्या, कमजोरी तथा सुधारका सुझावहरु सहित आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने पक्षलाई निर्देशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३:- जानकी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. ३:- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस जानकी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गरियो र यस गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूबाट मिति २०८२।०२।१२ गते सोमबारका दिन विहान ११:०० बजे आह्वान गरिएको जानकी गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

तपसिल :-

## आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**गाउँ सभाका सदस्यहरु**

हाम्रो नेतृत्वको गाउँ कार्यपालिकाले जानकी गाउँपालिकाको सर्वाङ्गिण विकासको लागि अङ्गीकार गरेको **"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पुर्वाधार पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"** भन्ने अवधारणा एवं दीर्घकालिन सोचलाई निरन्तरता दिइ जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यस १६ औं गाउँसभाको अधिवेशनमा सहभागी भै रहेका छौं । यस अवसरमा म मुलुकको राजनीतिक, सामाजिक परिवर्तनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै विभिन्न समयका लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, थरुहट आन्दोलन, टीकापुर घटनाका पिडित, घाइते र तिनका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु । **"समृद्ध जानकी गाउँपालिका, सुखी जानकी गाउँवासी"** भन्ने अवधारणा बमोजिम समृद्ध जानकी गाउँपालिका निर्माण गर्ने हाम्रो लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट सामाजिक न्याय सहित गाउँपालिकावासीको खुसी, विकास र समृद्धिको आकांक्षालाई मूर्त रुप दिन हाम्रो प्रतिवद्धता रहेको छ ।

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय अधिवेशनमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**शिक्षा, युवा तथा खेलकुद नीति:**

१. "हामी सुधार्छौं हाम्रो सामुदायिक विद्यालय" भन्ने अभियानलाई प्रभावकारी रुपमा संचालन गर्न शिक्षक, अभिभावक र समुदायलाई अधिकतम परिचालन गरिनेछ । साथै शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकलाई विद्यालयप्रति जिम्मेवार बनाईनेछ । राम्रो सिकाईको लागि राम्रो शिक्षण र राम्रो शिक्षणको लागि राम्रो विद्यालय भन्ने मान्यता अनुरुप सबै विद्यालयले आगामी तीन महिना भित्र गुणस्तर केन्द्रित (Quality Focused) विद्यालय सुधार योजना बनाउने र सबै शिक्षकले आवधिक शिक्षण तथा सिकाई सुधार योजना (Teaching Learning Improvement Plan) निर्माण गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाईनेछ ।

२. जानकी गाउँपालिकाको कक्षा ५, ८, १० र १२ को नतिजा सुधार गर्न विद्यालयमा COMMANDO CLASS, BOOSTER CLASS, CLASS TEST, UNIT TEST जस्ता अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गरिनेछ । शैक्षिक गुणस्तर सुनिश्चित गर्न गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत र शिक्षा अधिकृत, विद्यालयमा प्रधानाध्यापक र शिक्षक बिच नतिजामा आधारित वार्षिक कार्यसम्पादन करार सम्झौता गरिनेछ।

८२.०२.०४ 
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०२/०४
गणेश चौधरी
अध्यक्ष

CS CamScanner

३. "गुणस्तरीय शिक्षा जानकी गाउँपालिकाको अपेक्षा" को मुल मर्म अनुसार विद्यालयको समग्र शैक्षिक उन्नयनमा प्रमुख भूमिकामा रहने प्रधानाध्यापक लगायतका अन्य शिक्षकहरुलाई क्रमशः पेशाप्रति उत्प्रेरित तथा समर्पित गर्न प्रशंशा र प्रोत्साहनको व्यवस्था गरिनेछ । जानकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधी, २०८२ बमोजिम कार्यसम्पादनको आधारमा Teacher Of the Year घोषणा गरिनेछ । विद्यालयमा बालबालिकाको प्रतिभा पहिचान गर्न विज्ञान प्रदर्शनी, गणित सम्मेलन जस्ता शैक्षिक महोत्सव संचालन गरिनेछ।

४. विद्यालयको गुणस्तर सुधार गर्न Public Private Partnership (PPP) Model मा कार्यक्रम संचालन गरिनेछ। शैक्षिक नतिजा सुधार गर्न मासिक परीक्षा संचालन, नतिजा विश्लेषण उत्कृष्ट शिक्षक र विद्यार्थी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। शिक्षामा नियमित लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाईनेछ। संस्थागत विद्यालयमा शुल्क निर्धारण गर्ने र गुणस्तरको नियमित अनुगमन गरी पारदर्शी बनाईनेछ ।

५. विद्यालयमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गर्न "एक विद्यालय एक नर्स कार्यक्रम" र बालबालिकाहरुलाई उत्पादन सँग जोड्न विद्यालयमा "पढ्दै कमाउदै" अभियान अन्तर्गत "एक विद्यालय एक करेसाबारी" कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिईनेछ।साथै विद्यालय क्षेत्रको १०० मिटर वरपर जंकफुड मादकपदार्थ सुर्तीजन्य पदार्थको बिक्रि वितरणलाई पूर्ण रुपमा रोक लगाईनेछ।

६. बालविकास सहयोगी कार्यकर्ता, विद्यालय सहायक कर्मचारी तथा कार्यालय सहयोगीलाई थप जिम्मेवार बनाई व्यवस्थापन गरिनेछ । विद्यालयको अन्तरिक आम्दानीको आधारमा सामुदायिक विद्यालयमा कार्यरत निजि स्रोत शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराईनेछ । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी अनुदान Per Child Fund को लागि आवश्यक पहल गरिनेछ । विद्यार्थी संख्या घट्न गई विद्यालय संचालन नहुने अवस्थाका विद्यालयलाई नजिकको अर्को विद्यालयमा समायोजन गरिनेछ । विद्यालयमा शिक्षक जनशक्ति व्यवस्थापन गर्न शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान गरिनेछ ।

७. "व्यवहारिक शुक्रबार कार्यक्रम" लाई रचनात्मक, व्यवहारिक, प्रयोगात्मक र परियोजनामा आधारित बनाउदै सिर्जनशिल शिक्षाको आधारको रुपमा कार्यान्वयन गरिने छ । विद्यालयमा Day-Hostel को अवधारणा अगाडी बढाउन प्रोत्साहन गरिने छ ।

८. आधारभूत तह कक्षा ५ र ८ मा गाउँपालिका स्तरीय Standardized Test संचालन गरिनेछ । आधारभूत तह (कक्षा १-५) को स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गरिनेछ । सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अङ्ग्रेजी माध्यम English Medium मा पठनपाठन गर्न शिक्षकको क्षमता विकास गरी अंग्रेजी माध्यमबाट पठन-पाठनको सुरुवात गर्न आवश्यक पहल गरिनेछ ।

९. प्रारम्भिक बालविकास कक्षामा" खेल्दै सिक्दै अभियान "संचालन गर्न Piloting को रुपमा Theme Park निर्माण गर्न आवश्यक पहल गरिनेछ । प्रारम्भिक बालविकास कक्षालाई आकर्षक बालमैत्री बनाउन शैक्षिक सामाग्रीको प्रबन्ध मिलाईनेछ । विद्यालयका शिक्षकसकारात्मक सोच तथा नैतिक शिक्षा ,ध्यान ,विद्यार्थीहरुको लागि योग ,कर्मचारी , जस्ता कार्यक्रम संचालन गरिनेछ ।

१०. गाउँपालिकास्तरीय परीक्षा कक्षा ५, कक्षा ८ र कक्षा १० SEE मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयलाई "नतिजामा आधारित सशर्त अनुदान कार्यक्रम "मार्फत आवश्यक पूर्वाधार निर्माणका निम्ति तोकिए बमोजिमको अनुदान उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

११. सामुदायिक विद्यालय", हाम्रो विद्यालय, राम्रो विद्यालय" भन्ने अभियानलाई सफल बनाई विद्यालयप्रति बालबालिकाको आकर्षण बढाउन कक्षा ५, ८का उत्कृष्ट विद्यार्थी एवं विपन्न सिमान्तकृत समुदायका १२र १०, "अध्यक्ष छात्रवृत्ति" विद्यार्थीहरुलाई मार्फत विशेष छात्रवृत्ति उपलब्ध गरईनेछ । जानकी गाउँपालिकाको सामुदायिक विद्यालयबाट SEE दिएका विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराईनेछ ।

८२.०१.०८
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।०८
गणेश चौधरी
अध्यक्ष

CamScanner

१२. गाउँपालिका भित्रका विद्यालयलाई आकर्षक बनाउन "विद्यालय सौन्दर्यकरण" र "हरित विद्यालय" जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ । विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा स्तरउन्नती गरिनेछ । गाउँपालिका भित्रका विद्यालयलाई स्मार्ट विद्यालय बनाउन ICT प्रविधिको प्रयोगमा जोड दिईनेछ । गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१३. यस गाउँपालिका भित्रका युवाहरुलाई गाउँपालिकाका कार्यक्रममा सहभागी गराई **युवा मैत्री स्थानीय तह"प्रवर्द्धन कार्यक्रम** "संचालन गरिनेछ । युवाहरुको लागि सीपमुलक तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।

१४. "एक वडा, एक खेल मैदान "को अवधारणा सफल बनाउन प्रत्येक वडामा खालि जमिन खोजी खेल मैदानको निर्माण गर्न पहल गरिनेछ । बालबालिकाहरुको अन्तर्निहित प्रतिभा पहिचान गर्न विद्यालय स्तरीय, वडा स्तरीय तथा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिनेछ । गाउँपालिका भित्र रहेको सुवर्णपुर खेलमैदानको स्तरन्नोती गरिनेछ । विद्यालयका खेल शिक्षकको क्षमता विकास गरिनुका साथै गाउँपालिका स्तरीय खेलकुद प्रतियोगितामा उत्कृष्ट भएका विद्यार्थीलाई खेल प्रशिक्षण दिईनेछ ।

१५. **विद्यार्थीसँग"अध्यक्ष कार्यक्रम"** लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

**स्वास्थ्य सम्बन्धी नीति:**

१६. स्वास्थ्य संस्थाहरुलाई क्रमश :Digitalized गर्दै स्वास्थ्य संस्थाहरूको सेवालाई थप सुधार गरी तोकिए बमोजिमको आधारभूत स्वास्थ्य सेवाहरुको निःशुल्क उपलब्धता सुनिश्चित गरिने छ । सबै स्वास्थ्य संस्थाहरूलाई" **किशोर किशोरी मैत्री"** बनाउदै लगिने छ । स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि र औजारहरुको अभाव हुन नदिनको लागि आवश्यक बजेट विनियोजन गर्नुका साथै औषधिको उचित भण्डारणका लागि आधुनिक र व्यवस्थित भण्डार कक्ष निर्माणका लागि पहल गरिने छ ।

१७. गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार अस्पताल स्थापनार्थ आवश्यक पहल गरिने छ ।

१८. क्षयरोग ,डेंगु ,कालाजार ,मलेरिया ,कुष्ठरोग ,स्क्रब टाईफस लगायतका सरुवा रोगहरुको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१९. १००० दिन भित्रका बच्चाहरु तथा आमाको पोषण अवस्थालाई सुधार गरी बालबालिकालाई कुपोषणबाट बचाउन पोषण सम्बन्धी विविध सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिने छ । "विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम" लाई थप सुधार गर्दै लगिने छ । सुत्केरी महिलाहरुको पोषणका लागि "उपाध्यक्ष पोषण कार्यक्रम" मार्फत पोषण सामग्री प्रदान गरिने छ । यसका अतिरिक्त एच.आई.भी. संक्रमित र तिनका बालबालिकाको लागि पोषण खर्चको व्यवस्था गरिने छ । स्वास्थ्य संस्थाहरुमा संचालित "पोषण कर्नर" लाई थप सुदृढीकरण गरिने छ ।

२०. सबै जनतालाई **"कार्यक्रममा स्वास्थ्य बीमा"**आबद्ध गर्नको लागि सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिने छ । पालिका अन्तर्गत कार्यरत रहेका बीमा दर्ता सहयोगीहरु संग आवश्यक समन्वय र सहकार्य गर्दै मासिक रुपमा नियमित समीक्षा कार्यक्रम गरिने छ । अपाङ्ग व्यक्ति र सिकलसेल रोगको पहिचानका लागि स्क्रिनिंग लगायत आवश्यक व्यवस्था गरी उक्त रोग भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य बीमा गरिने छ ।

२१. नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको समयमै पहिचान गरि परामर्श र उपचार सेवा पाउने व्यवस्था मिलाइने छ । जेष्ठ नागरिकहरुको स्वास्थ्यलाई विशेष प्राथमिकता दिइने छ । मानसिक स्वास्थ्य समस्या समाधानका लागि संघ, प्रदेश, SAMI कार्यक्रम र CMC-Nepal, आदि सँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाईने छ ।

२२. **"एक वडा एक जेष्ठ नागरिक विश्रामस्थल"** को अवधारणालाई सार्थक बनाउन प्रत्येक वडामा पाटीचौतारा ,पौवा-गर्न पहल गरिनेछ । निर्माण

२३. घर **"समुदायसँग अध्यक्ष स्वास्थ्य कार्यक्रम"** घरमा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य सेवा प्रदान गर्न-को सुरुवात गरिने छ ।

२१.०२.०८
आशिज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०२/०८
गणेश चौधरी
अध्यक्ष

CamScanner

२४. बालबालिकाहरुको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता प्रदान गरिनेछ। "रक्त दान जीवन दान" भन्ने नाराको मर्म अनुसार मानवीय सेवामा सहयोग गर्नका लागि नेपाल रेडक्रस सोसाइटी सँगको सहयोग र सहकार्यमा रक्तदान कार्यक्रमको आयोजनालाई निरन्तरता प्रदान गरिने छ। बाल मैत्री स्थानीय शासनको मर्म अनुरुपका स्वास्थ्य सम्बन्धी सूचकहरुको लक्ष्य हासिल गर्नको लागि निरन्तर समीक्षा गर्दै आवश्यक कार्यक्रम गरिने छ। घुम्ति स्वास्थ्य शिविरको सुरुवात गरिनेछ।

२५. मातृ तथा शिशु मृत्युदर घटाउन संस्थागत प्रसूतिलाई प्रोत्साहन गरी घरमा हुने प्रसूतिलाई शून्य बनाउन बर्थिंग सेन्टरहरुलाई थप सुदृढ गर्दै लगिने छ। यसका साथै पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरबाट गर्भवती, प्रसूति र सुत्केरी अवस्थामा जटिलता भइ नजिकको CEONC सेन्टर सम्म आकस्मिक प्रेषण गर्नुपरेमा सेवाग्राहीलाई नि:शुल्क एम्बुलेन्स वा यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरिनेछ।

२६. महामारी तथा विपदको अवस्थामा आवश्यक कार्य गर्न पालिका तथा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राख्नुको साथै आवश्यक औषधी तथा सामाग्रीहरुको व्यवस्था गरिने छ। उक्त टोलीहरुलाई समयानुकूल तालिमको व्यवस्थाका लागि पहल गरिने छ।

२७. सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका सेवाहरुलाई उच्च प्राथमिकतामा राखिने छ सबै स्वास्थ्य संस्थाहरुबाट ५ वटा परिवार नियोजनका साधनहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ। यसका साथै, आमा तथा शिशु मृत्युदर घटाउन गर्भवती अवस्थामा प्रयोग हुने क्याल्सियम र फोलिक एसिड चक्कीहरु गाउँपालिकाबाट खरिद गरी नि:शुल्क वितरणको व्यवस्था मिलाइने छ। पूर्ण गर्भवती जाँच, पूर्ण संस्थागत प्रसूति जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अघि बढाइने छ। आंग खस्ने समस्या भएका महिलाहरुको उचित व्यवस्थापनका साथै निशुल्क शल्यक्रिया गर्ने व्यवस्था मिलाइने छ।

२८. समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मूल्याङ्कन गर्दै खोप, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समूह परिचालन लगायतका कार्यमा उनीहरुको सक्रियता बढाउन खाजा व्यवस्था, सञ्चार सुविधा लगायत उत्प्रेरणाको व्यवस्था गरिने छ। यसका साथै ६० वर्ष उमेर पूरा भएका वा स्वास्थ्य समस्याका कारण कार्य गर्न असक्षम वा सेवामा बहाल रहँदा मृत्यु भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँपालिकाको स्वीकृत कार्यविधि बमोजिम सम्मानजनक विदाइको व्यवस्थालाई निरन्तरता दिईने छ।

२९. शरीरलाई स्वस्थ र सक्रिय बनाई रोगहरु लाग्नबाट बच्न योग शिक्षालाई बढावा दिनुका साथै स्वस्थकर जीवन शैली अपनाउने, स्वस्थकर खानेकुराहरुको सेवन गर्ने, औषधिहरुको अनावश्यक सेवनलाई निरुत्साहित गर्ने जस्ता विषयमा जोड दिन आवश्यक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

३०. **"आयुर्वेद प्रथा वैकल्पिक चिकित्सा पद्धतिमा स्वास्थ्य वर्धनक क्रियाकलाप"**सञ्चालन गरिने छ।

**कृषि सम्बन्धी नीति:**

३१. कृषि पेशालाई मर्यादितआधुनिक **कृषि औजारहरु अनुदान** " व्यवसायिक र उत्पादन लागत घटाउनका लागि , "सहयोग कार्यक्रममा जोड दिईने छ। कृषि वालीमा देखा पर्ने रोगकिरा व्यवस्थापन तथा रोगकिराबाट हुने क्षति न्यूनिकरणका लागि कृषकको खेतवारीमा नै आकस्मिक वाली सेवा पुर्याईने व्यवस्था मिलाईने छ। कृषि वालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि **"कार्यक्रम (ब्लक) कृषि चक्लावन्दी"**ल्याईने छ।

३२. **"सहयोग कार्यक्रम उत्पादनमा आधारित अनुदान"**लाई निरन्तरता दिई थप प्रभावकारी वनाईने छ। कृषि उत्पादकत्व वृद्धि गराउन उन्नत तथा वर्णशंकर जातका बीउको प्रयोगमा वढवा दिई माटो सुधार तथा व्यवस्थापनका लागि प्रांगारिक तथा जैविक मलको प्रयोगमा अनुदान सहयोगको व्यवस्था मिलाईने छ।

३३. कृषि क्षेत्रमा आधारित रहेर **"एकल तथा द्वन्द पिडित महिला स्वरोजगार कार्यक्रम"**ल्याईने छ। अधिया बटैया गर्ने कृषककहरुलाई प्रोत्साहन गर्न योजना बनाईने छ। कृषि विमामा आधारित खेती प्रणाली अवलम्वन गरिने छ। साथै कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धि गरी स्थलगत प्राविधिक सेवा पुर्याईने छ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

३४. कृषक तथ्यांकलाई अध्यावधिक गरी न्यायोचितकिसान सूचिकरण " समान रुपमा अनुदान प्रवाह गर्नका लागि , "कार्यक्रम सबै वडामा संचालन गरी वर्गिकरणका आधारमा अनुदान प्रवाह किसान कार्ड मार्फत उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

३५. भूमिगत तथा सतह सिंचाई पूर्वाधारको संरचनासम्वर्द्धन र विकास गरी उपयूक्त प्रविधिमैत्री खेती प्रणाली , अवलम्बन गरिनेछ । व्यवसायिक तथा सक्रिय कृषि फर्महरुको सुधार तथा व्यवसायिक नयाँ फर्महरु स्थापना गरिने छ । मागमा आधारित कृषक क्षमता अभिबृद्धि तालिम कार्यक्रम लागु गरिने छ ।

३६. जानकी गाउँपालिकालाई **"मकै खेतीको हव"** को रुपमा विकास गरिने छ ।

३७. असुरक्षित तथा बढी मात्रामा विषादीको दूरुपयोग न्यूनिकरणका लागि जनचेतना मूलक कार्यक्रम संचालन गरी , जैविक तथा प्रांगारिक मल र विषादीको प्रयोगलाई निरुत्साहि ,कृषक पाठशाला .एम.पी.आईत गर्ने कार्यक्रम लागु गरिने छ । **"गड्यौला खेती"** लाई प्रोत्साहन गरिनेछ ।

३८. **"एक वडा एक व्यवसायिक फलफुल खेती विस्तार कार्यक्रम"** संचालन गरिनेछ । माटो सुधार कार्यक्रम तथा आकस्मिक वाली उपचार कार्यक्रम संचालन गर्नुपर्ने । तरकारी तथा फलफुल पकेट क्षेत्र बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

**पशु सेवा नीति तथा कार्यक्रम:**

३९. दुधको गुणस्तर वृद्धि गर्न दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमको सुरुवात गरिने छ ।

४०. दुधमा आत्मनिर्भरताका लागि गाई/भैसी पालन व्यवसायलाई प्रोत्साहन गर्न उन्नत र दुधालु घाँसको बीउ वितरण, नश्ल सुधारका लागि कृत्रिम गर्भाधारन र उन्नत जातका र राँगासाँढे र बोका वितरण कार्यक्रममा कृषकको पहुँच बढाई उत्पादन लागत कम गरी पशु पालन व्यवसायलाई प्रतिस्पर्धी बनाईने छ ।

४१. **"सामुदायिक छाडा पशु चौपाया व्यवस्थापन कार्यक्रम** "लाई निरन्त्रता दिईनेछ । सामुदायिक तथा घरपालुवा कुकुरहरुलाई बन्ध्याकरण गर्न शिविर संचालनलाई निरन्तरता दिईने छ । पशुपन्छी उपचार तथा प्राविधिक सेवाको पहुँचबाट बन्चित गाउँ बस्तीहरुमा **"नि:शुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम"** संचालन गरिनेछ ।

४२. विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड अनुसार पशुस्वास्थ्य सेवालाई किसानको माझ भरपर्दो, विश्वासिलो, सहजता र आधुनिकीकरण गर्न प्रत्येक वडामा पशु सेवा केन्द्र बिस्तारका साथै प्राविधिक जनशक्ती व्यवस्थापन गरी पशुपन्छी पालक कृषकहरुको घरदैलोमै नि:शुल्क सेवा प्रवाह गरिनेछ । स्थान विशेषको सम्भाव्यताको आधारमा पशुपन्छी विशेषको पकेटहरुलाई केन्द्र बिन्दु मानी व्यवसायीक पशु पालन प्रणालीको विकास गरिने छ ।

४३. पशुपन्छीहरुमा रोग लाग्नु भन्दा रोग लाग्न नदिनका लागि नियमित खोप कार्यक्रमलाई निरन्तरताका साथै नेपालबाट सन् २०३० मा प्राणघातक रेबिज रोग उन्मूलन गर्ने नेपाल सरकारको नीति अनुसार "रेबिज दिवस र खोप" कार्यक्रमलाई अभियानका रुपमा बर्षभरी निरन्तर संचालन गरिनेछ ।

४४. स्थानीय तह तथा सरोकारवालाहरुको सहकार्यमा पशपुन्छी वजार सन्चालन विकास तथा बिस्तारद्वारा कृषक , व्यवसायी तथा उपभोताको लागि प्रतिस्पर्धात्मक तथा गुणस्तरिय पशुवस्तुको बजार पहुँचमा सहज बनाईनेछ ।

४५. **"खेतखेतमा कृषि प्राविधिकगोठमा पशु प्राविधिक गोठ ,"** नीतिलाई कार्यान्वयन गरिने छ ।मागको आधारमा पशुपन्छी पालन तालिमको आयोजना गरिने छ ।

**पूर्वाधार विकास नीति:**

४६. गाउँपालिकाको प्रशासकीय भवन एवं वडा कार्यालयका भवनहरु तथा जीर्ण रहेका स्वास्थ्य भवनहरु निर्माण/पुन:निर्माण गर्न आवश्यक कार्य गरिनेछ । पालिका भित्र रहेका सार्वजनिक जग्गाको पहिचान गरी "खुला क्षेत्र एवं सामुदायिक पार्क" को अवधारणा अगाडी बढाईनेछ । गाउँपालिकाभित्र विभिन्न स्थानमा रहेका मरुवा, मन्दिर, खेलमैदान, मसानघाट आदिको व्यवस्थापन गरिनेछ साथै धेरै जनसंख्या भएको क्षेत्रहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

२०८२.०२.०८
आशिज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०२/०८
गणेश चौधरी
अध्यक्ष

४७. सङ्घीय तथा प्रादेशिक सरकारसँग पूर्वाधार विकासको लागि समन्वय र सहकार्य गरिनेछ । रानी जमरा कुलरिया सिंचाई आयोजना सँग समन्वय गरि आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । निर्माण व्यवसायीलाई समयमै गुणस्तरीय काम सम्पन्न गरेको/नगरेको कामको आधारमा पुरस्कृत तथा दण्डित गरिनेछ।

४८. कर्णाली नदीबाट नदीजन्य पदार्थ उत्खनन तथा ढुवानी हुँदा सडक विग्री नजिकका बासिन्दाहरुलाई आवतजावत गर्न कठिनाई तथा अत्यधिक मात्रामा धुलो उड्ने र वातावरण प्रदुषण समेत हुने भएकोले, सम्बन्धित क्षेत्रको सडक पूर्वाधार विकास गरिनेछ ।

४९. आपाङ्गमैत्री पूर्वाधार (र्‍याम्प, लिफ्ट, आदि सहित) निर्माणमा जोड दिईनेछ । साथै पालिकास्तरीय खेल मैदान (रङ्गशाला) निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

५०. यस गाउँपालिकामा तिनै तहको सरकारको साझेदारीमा संचालनमा रहेको खानेपानि क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनालाई प्राथमिकताका साथ अघि बढाइने छ ।

५१. जानकी गाउँपालिका बरघर प्रथालाई संस्थागत गर्न प्रत्येक वडामा "बरघर भवन" निर्माणमा आवश्यक पहल गरिनेछ भने सोही भवन परिसरमा सार्वजानिक सभा हल तथा सार्वजनिक शौचालयको निर्माण गरिनेछ । दुर्गौली बजारको चौकलाई सौन्दर्यकरण गरिनेछ ।

५२. उज्यालो जानकी अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा गाउँपालिकाका दुर्गौली बजार, मुख्य बजार, सडक तथा सहायक बजार क्षेत्रहरुमा "स्मार्ट सडक बत्ती" High Mast Light जडान गरिने छ ।

५३. जानकी ३ मा खुला व्यायमशाला सहितको जानकी **"सामुदायिक पार्क"** निर्माणको प्रक्रिया अगाडि बढाइने छ ।

**रोजगार सेवा केन्द्र शाखाको नितिहरु:**

५४. स्थानीय तहमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पुर्वाधारको विकास निर्माणसँगै सामाजिक संरक्षणको प्रत्याभुति गराईने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार मूलक आयोजनाहरुको छनौट गरी रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिईनेछ ।

५५. रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गरिनेछ । "प्रधानमन्त्री रोजगार कार्यक्रम" सँग लागत साझेदारी गरी अन्य आवश्यक आयोजनाहरु संचालन गरिनेछ ।

**सहकारी नितिहरु:**

५६. सहकारी संस्थाहरूको सर्वाङ्गीण विकासका लागी आवश्यक तालिम संचालनलाई निरन्तरता दिई अनुगमन, परिचालन तथा नियमन गरी दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ । सम्पूर्ण सहकारी संघ /संस्थाको आर्थिक कारोवारको वित्तिय र व्यवसायिक जोखिमको पहिचान गर्न सहकारी विभागद्वारा लागु गरिएको सहकारी तथा गरिवि सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) लागु गर्न पहल गरिनेछ । सहकारी क्षेत्रमा स्वार्थको द्वन्द्वको व्यवस्थापन सुदृढीकरण गरी समाजमा पछाडी परेको समुदायका लागी "लक्षित समुह सहकारी प्रवर्द्धन" र "पहुँच अभिवृद्धि कार्यक्रम"मा जोड दिईनेछ।

५७. सहकारी संघ संस्थाहरूको आन्तरीक नियन्त्रण पद्वति लेखापरीक्षणलाई थप व्यवस्थित गरिने छ ।नियमनको अभ्यासलाई प्रभावकारी बनाई सहकारी संस्थाहरूको गुणात्मक एकिकरणका लागी पहल गरिनेछ भने सक्षम सहकारीलाई "घरेलु उद्योग" संचालन गर्न प्रोत्साहन गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी नीतिहरु:**

५८. नेपाल सरकारले वि.सं. २०८७ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने भनी लिएको लक्ष्यलाई सफल बनाउन बालअधिकार सुनिश्चित हुने गरी स्थानीय तहको नीति, योजना, कार्यक्रम, कार्यप्रकृया र संरचनामा बालबालिकाका सवालहरुलाई मुलप्रवाहीकरण गर्दै यस गाउँपालिकालाई २०८३ माघ मसान्तसम्म "बालमैत्री स्थानीय तह" घोषणाका लागि सूचकमा आधारित विविध नतिजामुखी अभियानका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गरिनेछ।

५९. महिला, बालबालिका, युवा, आदिवासी जनजाती, थारु, विपन्न खस आर्य, कमलरी, कमैया, जेष्ठ नागरिक, दलित तथा मुस्लिम, अल्पसंख्यक वर्गलाई समतामुलक लैङ्गिक समानता तथा समावेशीकरण, सशक्तिकरण, आयआर्जन, गरिबी न्यूनिकरण, रोजगारी प्रवर्द्धन, जनचेतना अभिवृद्धि जस्ता माग एवं आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालनको प्रवन्ध मिलाईनेछ ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

६०. "निःशुल्क सव वाहन एवं सव चिस्यान मेसिन" को व्यवस्था गरिने छ ।

६१. "सीप सिकौं रोजगार बनौं" अभियान कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । स्थानीय श्रोत, साधन र सीप प्रयोग गरी स्थानीयस्तरमै विविध प्रकारका सामाग्रीहरु उत्पादनमा अभिप्रेरित गर्न एवं विगतमा विविध विषयहरुमा सीपमूलक तालिम प्रदान गरिएका व्यक्तिहरुलाई लघु उद्यम स्थापनामा सहयोग गर्न लागत सहभागीतामा आधारित प्रविधिहरु समेत उपलब्ध गराईनेछ । "एक वडा एक उद्योग कार्यक्रम" तर्जुमाका लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

६२. जानकी गाउँपालिकामा "सामुदायिक होम स्टे" लाई प्रवर्द्धन गर्न आवश्यक पहल गरिने छ ।

६३. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो वनाउन विगतका वर्षहरुदेखि सञ्चालनमा रहेको सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिई यस अन्तर्गत सञ्चालित विविध क्रियाकलापहरुलाई प्रभावकारी बनाईनुका साथै वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति र निजका परिवारका सदस्यहरुलाई उनीहरुको सीप, क्षमता, रुची र दक्षताको आधारमा लघु, घरेलु तथा साना उद्योग विकासका कार्यक्रमहरुमा आवद्ध गराउन/जोड्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

६४. जानकी गाउँपालिकालाई "थारु लोक कलाको हव" बनाउन योजनाबद्ध रुपमा नेपाल कला प्रज्ञा प्रतिष्ठान तथा सम्बन्धित निकायसँगको समन्वय सहकार्यमा आवश्यक तालिमकार्य ,गोष्ठी ,क्रम संचालन गरिनेछ ।

६५. बालविवाह मुक्त पालिकाको लागि विवाह गर्नु पुर्व वडा कार्यालयहरुबाट अनिवार्य अनुमती लिनुपर्ने प्रावधान लागु गर्नुका साथै बालविवाह अन्त्यका लागी समुदाय र वडा स्तरमा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था गरिनेछ ।

६६. सबै प्रकारको "हिंसा विरुद्ध" शून्य सहनशीलताको नीति लिइने छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति:**

६७. महिला, बालबालिका, युवा, आदिवासी जनजाती, थारु जेष्ठ नागरिक, दलित, विपन्न, खस आर्य, मुस्लिम, अल्पसंख्यक वर्गलाई लैङ्गिक समानता तथा समतामूलक समावेशीकरण, सशक्तिकरण, आय आर्जन, गरिबी न्यूनिकरण, रोजगारी प्रवर्द्धन, जनचेतना अभिवृद्धि, प्रविधि खरिद तथा हस्तान्तरण जस्ता कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट परिक्षण (GESI AUDIT) कार्यक्रम एवं ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ

६८. लैङ्गिक हिंसा, लागु पदार्थ दुर्व्यसन, बालविवाह, छुवाछुट लगायतका सामाजिक कुरीति न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै अभिभावक विहीन अनाथ र विपन्न बालबालिका प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६९. अपाङ्गता परिचय-पत्र वितरण कार्यलाई निरन्तरता दिदै, अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तालिम संचालन गरी आत्मनिर्भर र स्वरोजगार बनाउन कार्यक्रम ल्याईनुका साथै ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नको लागि "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" संचालन गरिनेछ। निर्माण सम्पन्न भएका ज्येष्ठ नागरिक मिलन केन्द्र संचालनका लागि पहल गरिनेछ ।

**सुशासन नीति:**

७०. जानकी गाउँपालिकामा दक्ष"सुरक्षाबल" को विकास गर्न नगर प्रहरीको छनौट गरिने छ । "डिजिटल जानकी कार्यक्रम" संचालन गरी जानकी गाउँपालिका र मातहतका वडा कार्यालयबाट प्रदान गरिने सेवालाई सरल, सहज, पारदर्शी, पहुँच योग्य र व्यवस्थित बनाईने छ ।

७१. गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको कार्य सम्पादन करार गरी कार्यसम्पादनलाई नतिजासँग जोड्न प्रोत्साहन तथा दण्डित गर्ने प्रणाली विकास गरिनेछ । जानकी गाउँपालिकाले आगामी आर्थिक वर्षमा विभिन्न सरकारी तथा गैरसरकारी तालिम प्रदायक संस्थाहरुसँग समन्वय तथा साझेदारी गरी जनप्रितिनिधि तथा कर्मचारीहरुका क्षमता अभिवृद्धिका लागि विभिन्न क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

८१.०२.०१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०२।०९
गणेश चौधरी
अध्यक्ष

CamScanner

७२. गाउँपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रमहरु बारे जनता तथा सम्बन्धित सरोकारवालाहरुलाई सुसूचीत गर्न समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । गाउँपालिकामा संचालनमा रहेको गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाईनेछ । नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने सूचनाहरु प्रत्येक गाउँका वडघरहरु मार्फत प्रवाह गर्ने व्यवस्था मिलाईनेछ । गाउँ कार्यपालिकाका निर्णयहरु एवम् न्यायिक समितिका फैसलाहरु कार्यान्वयन, बजार अनुगमन, पालिका क्षेत्रभित्र शान्तिसुरक्षा कायम, राजश्व असूली र सचेतना अभिवृद्धि लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा अघि बढाईनेछ ।

७३. जानकी गाउँपालिका क्षेत्रमा सञ्चालन हुने म्याजिक, अटो जस्ता साना सवारी साधनलाई अभिलेखीकरण तथा रुट इजाजत प्रदान गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।

७४. भ्रष्टाचारजन्य क्रियाकलापहरु प्रति शुन्य सहनशिलता नीति अवलम्बन गर्दै सो को न्यूनीकरणका लागि गाउँपालिकाका नीति तथा कानूनहरुको व्यापक प्रचार प्रसार, कार्यविधि सरलिकरण, व्यवस्थित नागरिक सहायता कक्षको स्थापना, सूचनाको पारदर्शिता र जनप्रतिनिधि तथा कर्मचारीहरुको जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

७५. **"जानकी गाउँपालिकाको विकासमा नागरिकको सहभागिता"** भन्ने मुल नारालाई मूर्तरुप दिन वरघरहरुलाई अझ बढी क्रियाशिल गराई प्रतिष्पर्धात्मक वातावरणमा मूल्याङ्कन गरी प्रोत्साहन गरिने छ ।

७६. गाउँपालिकाको एकल अधिकारका क्षेत्रभित्र पर्ने अधिकारको विषयहरुको कार्यान्वयनका लागि गाउँपालिकाले कानून तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । गैर सरकारी संस्थाले संचालन गर्ने योजना तथा कार्यक्रमहरु "एकद्वार प्रणाली" मार्फत लागु गरिनेछ ।

७७. गाउँपालिकाका विषयगत समितिहरुको क्षमता विकास गर्न क्षेत्रगत कार्यक्रमहरु संचालन गरिनेछ । सार्वजनिक लेखा समितिलाई क्रियाशिल बनाई महालेखा परीक्षकको कार्यालयबाट गाउँपालिकाको नाममा कायम गरेको बेरुजुको समपरीक्षण तथा फछ्र्यौट गर्ने कार्यमा कार्यतालिका बनाई परिचालन गरिनेछ । सार्वजनिक खर्चको प्रभावकारितामा जोड दिंदै आर्थिक क्रियाकलाप संचालन गर्दा विनियोजन कुशलता, खर्चमा दक्षता र आर्थिक अनुशासनको मान्यता अवलम्बन गरिनेछ ।

७८. यस गाउँपालिकाका जनप्रतिनिधिज्यूहरुको दुर्घटना बिमाको व्यवस्था मिलाईनेछ । जानकी गाउँपालिका अन्तरगत अस्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई श्रम ऐन, २०७४ को प्रावधान बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

७९. यस जानकी गाउँपालिका अन्तरगतका वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी (E-Attendance) लागु गरिनेछ । कर संकलन व्यवस्थित गर्न, व्यवसायिहरुलाई करको दायरामा ल्याउन समग्र राजश्व सुधार कार्ययोजना ल्याईने छ भने Smart Payment लाई अवलम्बन गर्न QR System लागु गर्न पहल गरिनेछ ।

<u>वन, वातावरण तथा विपद व्यवस्थापन नीति:</u>

८०. स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरी विपद् पुर्व अवधि र पश्चातका कार्यक्रमहरु सन्चालन गरिनेछ । सरोकारवालाहरु सँगको समन्वय तथा सहकार्यमा दमकल खरिद तथा संचालन गर्न पहल गरिनेछ ।

८१. जल तथा मौसम विज्ञान विभाग लगायतका निकायसँग समन्वय, सहकार्य गर्दै पूर्वसूचना प्रणाली, मौसम पूर्वानुमानमा आधारित पुर्वकार्य लगायतका गतिविधिहरुलाइ थप महत्वका साथ अगाडी बढाई यस बारे वडाका बुद्धिजिवि, समाजसेवी, वडघर, चिराकी र आम जनतालाई पुर्व तयारी सचेतनामुलक व्यवहारिक कार्यक्रम तथा सुचना संचार प्रचारप्रसार गरि क्षमता अभिवृद्धि गरिनेछ । समुदाय तथा विद्यालय स्तरमा सन्चालन हुदै आएका वातावरण संरक्षण, विपद जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन अनुकुलन सम्बन्धि सचेतना मुलक कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ।

८२. तोकिएको कानुन बमोजिम सामुदायिक वनको नियमन तथा व्यवस्थापन गरिनुका साथै सामुदायिक वनहरुसँगको साझेदारीमा आवश्यक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

८३. गाउँपालिका भित्र रहेका उच्च भवन, उच्च धारा र शौचालयहरुको मर्मत सम्भार गरी समुदायलाई जिम्मेवार बनाईनेछ। विपद् व्यवस्थापनको लागि सेल्टर हाउस र सम्भावित डुबान क्षेत्रमा थप आवश्यक उच्च भवन निर्माणका लागि पहल गरिनेछ।

८४. स्थानीय आपतकालिन कार्य सन्चालन केन्द्रलाई २४ औं घण्टा सन्चालनका लागि आवश्यक पहल गरिनेछ। समुदाय स्तरीय विपद् व्यवस्थापन समिति तथा विभिन्न सरोकारवालाहरुको समन्वय तथा सहकार्यमा विपद् सँग सम्बन्धित घटनाहरुको कृत्रिम घटना अभ्यास संचालन गरिनेछ।

८५. जलवायु तथा विपद् जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बाढी तथा पशु चौपायाको बिमा कार्यक्रम संचालन गरिनेछ। वर्षेनी हुने डुबानको घटनालाई न्यूनिकरण गर्न रानी-जमरा-कुलरिया नालाहरु र इन्टेकमा जालीतारको व्यवस्था गर्न पहल गरिनेछ। बाढी व्यवस्थापनका लागि प्रकृतिमा आधारित सामधानका उपायहरु (जैविक तटबन्धन, वृक्षारोपण, ताल तलैयाहरुको संरक्षण) अवलम्बन गरिनेछ। कालोपत्रे भएका सडकहरुमा बृक्षारोपण गरि हरियाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८६. प्राकृतिक श्रोत (ढुङ्गा, बालुवा, गिट्टी, दहत्तर बहत्तर) को उपयोगको नियमन गरिनेछ। जानकी गाउँपालिकाको Wash Plan अनुसार Dumping site खोजी गरी जानकी गाउँपालिकाको मुख्य बजारको फोहर संकलन एवं ढल सफा गर्ने कार्यको सुरुवात गरिनेछ।

८७. स्थानीय विपद जोखिम न्युनीकरण रणनितिक कार्ययोजना तथा जोखिम भु-उपयोग योजना तयार गरी जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ। पालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजनालाई क्रमागतरुपमा कार्यान्वियनमा ल्याईनेछ। यस्ता योजना तयारी तथा कार्यान्वियन गर्न विकास साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ।

८८. "जानकी गाउँपालिका हरियाली सुन्दर पालिका" अवधारणालाई सार्थक बनाउन सडक किनारमा वृक्षारोपण गरिने छ। पालिकाको आफ्नै नर्सरी स्थापना गरी सञ्चालन गरिने छ। संस्था वडा तथा गाउँपालीकालाई हरित बनाउन **"एक घर एक बिरुवा कार्यक्रम"** संचालन गरिनेछ। बाँझो जग्गामा वृक्षरोपणको योजना बनाइनेछ।

**<u>सूचना प्रविधि शाखाको नीति तथा कार्यक्रम:</u>**

८९. प्रविधिमैत्री गाउँपालिका (वडा कार्यालय, स्वास्थ्य चौकी/इकाई र सामुदायिक विद्यालय) को अवधारणा अगाडी बढाई पूर्ण डिजिटल जानकी गाउँपालिका निर्माणार्थ आवश्यक कार्य अगाडी बढाईनेछ। गाउँपालिका क्षेत्र भित्र "e-Library" स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

९०. सामाजिक संजालको दुरुपयोगबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। सूचना संचार र प्रविधिमा सबै गाउँपालिकावासीहरुको पहुँच पुर्याउन आवश्यक कार्य गरिनेछ। आवश्यक स्थानमा सिसिटिभी जडान गरिनेछ।

**<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति:</u>**

९१. सबै प्रकारका व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई शतप्रतिशत पुऱ्याउने लक्ष्य अनुसार सबै वडाहरुमा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभियान संचालन गरिनेछ। सामाजिक सुरक्षा भत्ता EFT मार्फत बैंकिङ्ग प्रणालीबाट वितरण हुँदै आएकोमा यसको शतप्रतिशत प्रभावकारिताका लागि राष्ट्रिय नीति अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता र नविकरण राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेसन गर्न सामाजिक सुरक्षा भत्ता नविकरण शिविर संचालनको व्यवस्था मिलाईनेछ। व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत विभिन्न सामाजिक कार्यक्रमहरु अगाडी बढाईनेछ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

## भूमी सम्बन्धी नीति तथा कार्यक्रम:

९२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्न जग्गा नापजाँच कार्य यथाशीघ्र सम्पन्न गरिनेछ । विगतका आयोग, समिति र कार्यदलहरुले नापजाँच वा वितरण गरेका जग्गाको अधुरा कार्य सम्बन्धी समस्या समाधानका लागी सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

९३. जोखिमयुक्त वा कानुनले निषेध गरेका स्थानहरुमा बस्दै आइरहेका जग्गा विहिन वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई स्थानान्तरण वा व्यवस्थापन गर्न आवश्यक पहल तथा जग्गा पहिचान गर्ने कार्य गरिनेछ। मुक्त कमलरी एवं कमैयाहरुको समस्या समाधानका लागी आवश्यक पहल गरिनेछ ।

९४. निजी जग्गामा प्लटिङ गर्नु पूर्व भू-उपयोग नीति अनुरुप आवश्यक कार्य गर्नुपर्नेछ भने प्लाटिङ्कर्ताले अनिवार्य रुपमा कालोपत्रे सहितको बाटो खोलाएर बिजुली पोलको समेत व्यवस्था गर्नुपर्ने नीति लिईनेछ ।

## कला, साहित्य, संस्कृति र परम्परा प्रवर्द्धन सम्बन्धी नीति:

९५. गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेका आदिवासी जनजाति (थारु, मगर) लगायत अन्य जातजातिहरुको भाषा, धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्द्धन मार्फत आर्थिक उपार्जनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ । समाजको आधुनिकीकरणसँग परसंस्कृति दुष्प्रभावको रुपमा मौलिक संस्कृति ह्रासको अवस्थाबाट मुक्त गरी सुसंस्कृत सभ्य समाजको निर्माण गर्न मौलिक शैली, संस्कृति र परम्परालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

९६. गाउँपालिका क्षेत्रभित्र रहेका मरुवा, मन्दिर, मस्जिद, चर्च, गुम्बा, शवदह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्दै सामाजिक, सांस्कृतिक र धार्मिक सहिष्णुतासहितको सुसंस्कृत समाज निर्माण गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका स्थापना दिवस, विभिन्न जातजातिको सांस्कृतिक तथा खानपान, माघ मिलन, होरी, देउडा, पुत्ला जस्ता उत्सव तथा कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय कला, साहित्य जगेर्नाका लागि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान लगायतका अन्य प्रतिष्ठान, निकायहरुसँग साझेदारी गरी कार्यक्रम गरिनेछ ।

९७. पहिचानका रुपमा स्थापित थारु समुदायसँग सम्बन्धित कला, संस्कृति, भेषभुषा, परिकार आदिको संरक्षण, सम्वर्द्धन र विकासका लागि पहिचानमा आधारित होमस्टे, सांस्कृतिक नाचघर, सांस्कृतिक ग्राम तथा खाजाघर लगायतका कार्यक्रमहरु संचालन तथा प्रवर्द्धन गरिनेछ । प्रदेश सरकार र समुदायको सहकार्यमा पालिकाभित्र रहेका थारु, मगर लगायतका रैथाने खानाहरुको प्रवर्द्धनका लागि फुड फेस्टिबल आयोजना गरिनुका साथै अमौरी, बक्लौवा र जगतपुर होमस्टेलाई प्रवर्द्धन गरिनेछ ।

९८. जानकी गाउँपालिका वडा नं. ९ मा अवस्थित जातीय संग्रहालयलाई संचालनमा ल्याउन आवश्यक कार्य गरिनेछ ।

## न्यायिक समिति संचालन सम्बन्धी नीति:

९९. न्यायिक समिति र अन्तर्गतका संरचनाहरुको स्तरोन्नती गरी छरितो र प्रभावकारी मेलमिलाप तथा विवाद निरुपण प्रक्रिया अपनाउन अनलाइन मार्फत उजुरी लिने प्रणालीको प्रारम्भ गर्न पहल गरिनेछ । मेलमिलापकर्ता विवाद समाधानका दुतका रुपमा उपयोग गर्दै न्यायिक समितिका काम कार्यवाहीमा सहयोगीका रुपमा परिचालन गर्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

२४.०९.०१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०२।०४
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट **"समृद्ध जानकी गाउँपालिका: सुखी जानकी गाउँवासी"** को गन्तव्यमा पुग्न हाम्रो सरकारबाट सम्पादन हुने प्रत्येक कार्यहरुको केन्द्र बिन्दु यस गाउँपालिकाका आम नागरिक हुनेछन् । यसका लागि सबैलाई समान अवसर, समान अधिकार, सुरक्षा र सम्मानको प्रत्याभूति गरिनेछ ।

अन्तमा, गाउँपालिकाको विकासमा साझेदारी र सहयोग गर्ने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, गाउँसभा सदस्यज्यूहरु, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दलका विज्ञ मित्रहरु, निजी क्षेत्र, गैर सरकारी संस्था, संचारकर्मी लगायत देश विदेशमा रहेका सम्पूर्ण जानकी गाउँवासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको सहयोग र समन्वयात्मक भूमिका निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने आशा र अपेक्षा गर्दछु । साथै यस नीति तथा कार्यक्रम निर्माणमा अहोरात्र खटिनु हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिदै मेरो सम्बोधन यहि समापन गर्दछु ।

हार्दिक धन्यवाद !

नमस्कार !

.................................

गणेश चौधरी

अध्यक्ष

गणेश चौधरी

अध्यक्ष

२१.०३.०१

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.४:- सामाजिक सुरक्षा कोषमा रोजगारदाताको रुपमा सूचीकृत हुने सम्बन्धमा।**

निर्णय नं. ४:- प्रस्ताव नं. ४ माथि छलफल गर्दा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम सामाजिक सुरक्षा कोषमा रोजगारदाताका रुपमा जानकी गाउँपालिकालाई सूचीकृत गरी यस गाउँपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.५ :- जानकी गाउँपालिकाका सभा सदस्यहरुलाई जरावर प्रदान गरिने सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा जानकी गाउँपालिकाका सभा सदस्यहरुलाई जरावर प्रदान गरिने सम्बन्धी कार्यविधि, २०८२ माथि दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं.६ :- बाल विवाह विरुद्धको कार्यक्रम संचालन कार्यविधि, २०८२ सम्मबन्धमा।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा बाल विवाह विरुद्धको कार्यक्रम संचालन कार्यविधि, २०८२ माथि दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं.७ :- रोजगार सेवा केन्द्रमा कार्यरत जनशक्तिहरुको तलब/भत्ता व्यवस्थापन सम्बन्धमा।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड, २०७८ बमोजिम नियुक्त भएका रोजगार सहायक र प्राविधिक सहायकको यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट उपशिर्षक नम्बर ३७१००१०३ बाट सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरणबाट तलब/भत्ता व्यावस्थापन हुँदै आएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं.४-२०८१।०८२, च.नं./pmep/४१९, मिति २०८१।०२।०१ गतेको प्राप्त पत्रानुसार आयोजनाको समयावधि २०८२ असार मसान्तमा समाप्त हुने भएको हुँदा माग र आवश्यकताका आधारमा स्थानीय तहबाट सोही पत्र मार्फत नियमानुसार जनशक्ति व्यवस्थापन गर्न अनुरोध भई आएको र जनशक्ति व्यवस्थापन गर्नुपर्ने आधार र कारण समेत उल्लेख भई आएको हुँदा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारी रोजगार सहायक र प्राविधिक सहायकलाई कामकाज गराउन आगामी आ.व.हरुमा निरन्तरता दिने निर्णय गरियो र गाउँसभा पेश गर्ने निर्णय गरियो।

८२.०७.०१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०२।०१
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ८ : शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या न्यून भई विद्यालय संचालन हुन नसक्ने तपसिल बमोजिमका सामुदायिक विद्यालयमा कामकाजमा कार्यरत शिक्षकहरुको दरबन्दी तपसिलको विद्यालयमा कायम गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.स. | शिक्षकको नाम, ठेगाना | तह | विषय | नियुक्तिको प्रकार | साविकको विद्यालयको नाम, ठेगाना | कामकाजमा कार्यरत विद्यालयको नाम, ठेगाना | दरबन्दी कायम गरिएको विद्यालय |
|---|---|---|---|---|---|---|---|
| १. | हर्क प्रसाद देवकोटा | प्रा.वि. | | स्थायी | बिन्ध्यावासनी आ.वी. कटासे | हिमालय मा.वि. अमरावती | हिमालय मा.वि. अमरावती |
| २. | ओमजंग शाह | प्रा.वि. | | स्थायी | गायत्री आ.वी. कन्चनपुर | बाल ज्योती मा.वि. जगतपुर | राष्ट्रिय आ.वि. अमौरी |
| ३. | दिपेन्द्र बिष्ट | मा.वि. | विज्ञान | राहत | राष्ट्रिय मा.वि. पाताभार | हिमालय मा.वि. अमरावती | हिमालय मा.वि. अमरावती |
| ४. | जानकी धामी | नि.वि.मा. | नेपाली | स्थायी | रा.आ.वी. अमौरी | | बालविद्या मन्दिर आ.वि. पथरैया |
| ५. | पुष्पराज न्यौपाने | मा.वि. | अंग्रेजी | राहत | राष्ट्रिय मा.वि. पाताभार | जनता मा.वि. मुनुवा | जनता मा.वि. मुनुवा |
| ६. | कृष्ण देवकोटा | प्रा.वि. | | | बालविद्यामन्दिर आ.वि. पथरैया | कालिका आ.वि. वेलासपुर | कालिका आ.वि. वेलासपुर |
| ७. | शम्सेर बम | प्रा.वि. | | स्थायी | राष्ट्रिय आ.वि. खैरेनी | कालिका आ.वि. कालिकापुर | कालिका आ.वि. कालिकापुर |
| ८. | लोकरांज ओझा | प्रा.वि. | | राहत | कालिका आ.वि. कालिकापुर | बाल विद्यामन्दिर आ.वि. जानकी-५, पथरैया | बाल विद्यामन्दिर आ.वि. जानकी-५, पथरैया |
| ९. | रामसुन्दर चौधरी | नि.वि.मा. | अंग्रेजी | राहत | ऐश्वर्य आ.वि. पालबजार | | हिमालय राष्ट्रिय मा.वि. अमरावती |
| १०. | रिक्त | निवि.मा. | नेपाली | राहत | हिमालय राष्ट्रिय मा.वि. अमरावती | | ऐश्वर्य आ.वि. पालबजार |
| ११. | नरेश थापा | प्रा.वि. | | स्थायी | कालीका आ.वि. पूर्व खैरीफाँटा | राष्ट्रिय आ.वि. गोलौरी | जनकल्याण आ.वि. लायकपुर |
| १२. | रिक्त | प्रा.वि. | | स्थायी | विन्ध्यावासनी आ.वी. कटासे | | भृकुटी मा.वि. सुवर्णपुर |
| १३ | लक्ष्मी शाही | बालविकास | | अनुदान | कालिका पुर्वखैरीफाँटा | अरुणोदय मा.वि. खैरीफाँटा | अरुणोदय मा.वि. खैरीफाँटा |
| १४. | लक्षिराम चौधरी | का.स. | | अनुदान | कालिका पुर्वखैरीफाँटा | हिमालय राष्ट्रिय मा.वि. अमरावती | हिमालय राष्ट्रिय मा.वि. अमरावती |

२०८२.०२.०९ आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०२/०९
**गणेश चौधरी**
**अध्यक्ष**

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ :- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/संकलन र स्टक गर्ने सम्बन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ का लागि यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्नका लागि दोस्रो प्याकेज अन्तर्गतको ठेक्का नं. JRM/IR/02/2080/081 को क्षेत्रबाट गाउँपालिकाले अमानतबाट रोयल्टी संकलन गरिरहेकोले तपसिलमा उल्लेखित कर्णाली नदीको बगर क्षेत्रहरुबाट बर्षा यामका कारण गाउँपालिका क्षेत्रभित्रका बिग्रेका भत्केका बिभिन्न सडक र बाटो मर्मत कार्यका लागि गाउँपालिकाको आफ्नै उत्खनन्/ढुवानी साधनहरु (जे. सि. बी. तथा टिप्पर) प्रयोग गरी IEE प्रतिवेदनमा उल्लिखित परिमाणमा नबढ्ने गरी ग्राभेल स्टक गर्ने निर्णय गरियो ।

**दोस्रो प्याकेजबाट उत्खनन्/सङ्कलन गर्न सकिने परिमाण**

| साईट | उत्खनन्/संकलन क्षेत्र | उत्खनन्/संकलन गरिने वस्तु | दिगो रुपमा उत्खनन्/संकलन गर्न सकिने परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|
| ४ | मुनुवाँ ठाँडा (कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं. ९ | ढुङ्गा, गिट्टी र बालुवा | ९६०० | |
| ५ | बलचौर घाट, वडा नं. ९ | ढुङ्गा, गिट्टी र बालुवा | १४४०० | |
| ६ | गोराङ्गे घाट, वडा नं. ९ | ढुङ्गा, गिट्टी र बालुवा | १७००० | |
| जम्मा | | | ४१००० | |

८१.०७.०१
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०७/०१
गणेश चौधरी
अध्यक्ष